ITEEN FORUM

Institute for Theological Education by Extension in Nepal

# आइटीन चौतारी

घर घरै बाइबल कलेज

वर्ष १२, अङ्क १७, जेष्ठ २०७१। May 2014

Bible College at Home




## आइटीन दीक्षान्त समारोह सम्पन्न

चितवन- नवजीवन एजी मण्डली भरतपुरमा बैशाख १८ गतेका दिन आइटीन दीक्षान्त समारोह सम्पन्न भएको छ। दीक्षान्त समारोहमा बेथानी मण्डली, जुटपानी र नवजीवन मण्डली, भरतपुर, चितवनका गरी १६ जना विद्यार्थीहरू दीक्षित भएका छन्। मण्डलीमा विभिन्न सेवाकार्य गर्दै भरपूर जीवन, भरपूर ज्योति र ख्रीष्टको जीवनी - १ सम्म अध्ययन पूरा गरिसकेका विद्यार्थीहरूलाई "एन इन्ट्रोडक्सन टु बिब्लिकल स्टडीज" को प्रमाणपत्र अतिथी फ्रयाङ्क बुलिङको हातबाट वितरण गरिएको थियो। समूहमा स्वयंसेवककारुपमा सहायता पुऱ्याउँदै आउनुभएका शिक्षक मनकुमार गुरुङ र शिक्षिका बिमला आचार्यलाई आइटीनका निर्देशक टंक सुबेदीको हातबाट प्रशंशापत्र वितरण गरिएको थियो।

दैनिक कामसँगसँगै बाइबलको गहिरो ज्ञान आर्जन गर्न र उदाहरणीय सेवाको काम गर्न सहायता गरेको कुरा दीक्षितहरूले समारोहमा बताउनु भएको थियो।

सोही अवसरमा, तीन दिनको शिक्षक तालिमको प्रमाणपत्र पनि अतिथि फ्रयाङ्कको हातबाट नै वितरण गरिएको थियो। आइटीन पाठ्यक्रम अध्ययनले स्थानिय मण्डलीमा प्रभावकारी भएपछि शाखा मण्डलीहरूको लागि बैशाख १६-१८ गतेसम्म १६ जनाको लागि तीन दिनको शिक्षक तालिमको आयोजना गरेको हो। उक्त शिक्षक तालिमको प्रमाणपत्र पनि यही समारोहमा बितरण गरीएको थियो।



## आशिषको थैली

जागृती मण्डली, नदीपुरका प्रचारक र समूहका शिक्षक भक्तवीर पुनले समूहले आइटीन कार्यालयको लागि जम्मा गरेको आशिष्को थैली हस्तान्तरण गर्दाको दृष्य।

जागृती मण्डलीमा छुट्टाछुट्टै समूहमा ४ जना शिक्षकले अध्ययन गराई रहनुभएको छ।

## नेपाली इसाई मण्डली ज्ञानेश्वरमा आइटीन



नेपाली इसाई मण्डली, ज्ञानेश्वर काठमाडौंमा आइटीन पाठ्यक्रम भरपूर जीवन अध्ययन गर्दै गरेको एक दृष्य। समूहमा श्रीमती उमा चित्रकारले आफूले अध्ययन गर्दै र शिक्षिकाको रूपमा सिकाउँदै हुनुहुन्छ।

# आर्थिक सहयोगको लागि हार्दिक धन्यवाद!

सन २०१४ जनवरीदेखि मे २०१४ सम्म आइटीनलाई आर्थिकरुपमा आशिष्को थैली मार्फत, मासिक र एकमुष्ठ भेटी दिएर प्रभुको काममा सहयोग गर्ने सम्पूर्ण प्रभुका निम्न जनहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

**Tanahun: Purna Bdr Pun's Group:** Dhanmaya Bhandari, Tul bahadur Chhetri, Indra Thapa, Shyam Thapa Kamala Saru, Ram Bdr B.K., Shanti Thakali, Unknown. **Kathmandu:**Tek Bdr sinjali, Amrit Pachbhaiya, Prem Barayeli, Sunita gurung, Krishna Dangol, Tabita Gurung, Rima Gurung, Niroj maharjan, **David Acharya' group,** Uma Rajbhandari, Madan Rajbhandari, Laxman Shrestha, Sony Shrestha, Omika Shrestha, Sarswoti Sunar, Nabin Sunwar, Fulmaya Ghising, Mina Wagle, Tej bdr Wagle, Sunita Kafle Sunita nepali, Chandra kumara Gurung, Ram maya Upreti, Rohan Shrestha, Puja Singh. **Morang**: Shasi Rai,Mina Karki, Gyanu katuwal, Dhankumari Rai, Sharmila Karki, Solami Rai, Sun Kumar Magar, Sushi Rai, Mina Karki, Gopikala Rai, Tara karki, Kamalsingh Tamang, Nel Kumari Shrestha, Mesh Bdr Gajmer, Ganga Tamang. **Dadhing**: Prajwol Thakuri, Maiya Thakuri, Suku Mangrati, Arati Kuwar.

**Chitwan:** Tara Nepal, Bima Chepang, Ram Maya, Ganesh Prasad Lamichhane, gyan bahadur Gurung, Tulmaya Praja, Purna bdr Lama, Dil Maya KC, Tara Nepal, Chandra Mali, Deumaya Praja, Sanubabu Tamang, Romi Tamang, Isahak Syangtan, Shova Thing, Samrshan Syngtan, Srijana Thing, Shyam Kaji Shrestha. **Makwanpur:** Sabina, Rati Pariyar, Maya Pakhrin, Bishnu Maya Thing, Laxmi Thing, Purna kumari Thing, Unknown, Radha Krishna, Rikki Gole, Bindia Waiba, Binda Magar, Sabina Syangtan.

**Kaski:** Tika Bdr Purja, Mil Maya Ghale, Sunder Ghale, Lina Pun, Manamaya Pun, Chin Bdr Gurung, Susma Gurung, Rupa Purja, Rupa Gurung, Mandira Pariyar, Salomi Purja, Ram Pyari Purja, Tika Purja, **Group of Lama Chaura Church,** Roma Kandel, Sabita Gurung, Sita(Pratiksha) Magar,Tara Devi, Bina Thapa,Ganga Tikhatri, Amrit Thapa, Dipma Dube, Bhiba Nepali, Shova Gautam, Rajendra Kumar Adhikari, Shanti Baidhya, Kamala Gautam, Junkiri Nepali, Nita Nepali, Raj Kumari Gurung, Manju Shrestha, Kopila Khati, Bikram Dube, Kumari Thapa, Shreejana Rana Magar, Chandra Surkheti, Asmita Gurung, Ratna Chhantyal, Shankar KC, Sumitra Magar. **Lalitpur:** Kishor Bdr Rai, Kalam Gurung, Sujita Rana Shakya, Hira Rai, Bel kumara Rai, Fulkumari Rai, Shyama Rai, Susma Rai, Pramila Rai, Sabitri KC, Ramrimaya Rai, **Nehemiah Institute:** Lal bahadur Gurung, Nilam Rai, , Susmita Lamichhane, Apsara Rai, Rachana Rai, Puja Tamang, Nitu Bhandari, Anamol Pradhan, Amulya Pradhan, Akshya Pradhan, Pramod Nepal, Subarna Subba, Bhim Bdr Nepali, Rebika B.K., Pralad Rai, Jhanka Rokaya, Hasta Bdr Tamang, Ishmael B.k., Jagad Bdr Saud, Urmila Ghole.

**Terhathum:** Jita Limbu, Sita Paudel, Kanchhi Maya Limbu, Sumana Paudel, Lila maya Limbu, Shanta Limbu, Devi Dahal, Bhima Gurung, Lal Kumari Yakha, Sunita Limbu, Ushma Limbu, Sara Limbu, Unknown. **China:**Anni Han+Jack, Cold,

**UAE: Asal Gothalo Church, Kailali: Daya sagar Chaudhari's** Group. **Okhaldunga:** Pampha Tamang, Bal Bdr Tamang, Bimala Tamang, Ganga Tamang, Iswori Tamang, Binod Tamang.

## बाटुलेचौर चर्च, पोखरा



बाटुलेचौर चर्च पोखरामा आइटीनका पाठ्यक्रम अध्ययनरतहरुको सामुहिक तस्वीर। इन्द्र कुमालले उक्त समूहमा आफूले अध्ययन गर्दै र समूहमा स्वयंसेवककारुपमा अध्यापन गराउदै हुनुहुन्छ।

## अनन्त जीवन चर्च, कुरिनटार



अनन्त जीवन चर्च कुरिनटारमा खिचिएको तस्वीरमा बाँयाबाट पास्टर आन्द्रियास लामा, एल्डर जनार्दन शर्मा र एल्डर तारा नेपालले छुट्टा छुट्टै तीन वटा समूहमा आइटीन पाठ्यक्रमहरू अध्ययन गर्दै र गराउदै हुनुहुन्छ। उहाँहरूको साथमा दायाबाट निर्देशक टंक सुबेदी, फ्रयाङ्क बुलिङ र सर्जु रिजाल।

# अध्ययनले व्यवहारीक बनायो

पहिलो पटक आइटीन किताब हेर्दा मलाई केही जस्तो लागेन। जब म भर्ना भएर अध्ययन गर्नथालेँ, मेरो आत्मिक जीवन अझै लथालिङ्ग रहेछ र मेरो विश्वासको जाँच भए जस्तो लाग्यो। अध्ययन गर्नुभन्दा अगाडि म विश्वासी भएपनि लापर्वाहीको जीवन जिइरहेको रहेछु। प्रार्थना गर्ने तरीका, वचन अध्ययन गर्ने तरीका, अरुलाई सहायता गर्ने कुरा केही पनि मैले गरेकि रहेनछु।

अध्ययन पछि धेरै आत्मिक आशीषहरुको महसुस गर्न पाएकी छु। आइटीनमात्र यस्तो पुस्तक रहेछ कि जसले नयाँ र पुराना विश्वासीहरुलाई व्यवहारीक जीवनमा हुर्कन मद्दत गर्दोरहे छ। **मैले व्यवहारमा ल्याएका परिवर्तनहरू:**

- बोली, विचार र काममा आज्ञापालन गर्न सफल भएँ जसले गर्दा, मेरो जीवनमा परिवर्तनको महसुस गर्दैछु ।
- आत्मिक जीवनमा वृद्धि हुन समय तालिका बनाउने साथै अरुलाई प्रेम गर्ने सम्बन्धमा मैले मण्डलीमा पढ्लेख गर्न नसक्ने आमा दीदिबहीनीहरुलाई प्रौढ शिक्षा सञ्चालन गर्दै पनि छु ।
- आफ्नो पुरानो स्वाभवमाथि विजय हुन अत्यतै कठीन थियो तर मैले आफ्नो रिसलाई नियन्त्रण गर्न धेरै हदसम्म सफल भएँ। यो मेरो लागि धेरै ठूलो सफलता हो।
- परिवारबाट धेरै वर्ष बाहिर बसें। म डीप्रेसनको सिकार भएको थिएँ। मलाई मेरो परिवारको मतलब लाग्दैनथ्यो तर अध्ययनपछि मेरो परिवारको मात्र होइन तर संसारको सबै मानिसको निम्ति उपवास प्रार्थना गर्दै र सुसमाचार सुनाउने साहस पाएकी छु ।
- दैनिक बाइबल अध्ययनमा राम्रो भएको छ। प्रचारको लागी जुन सुकै अवस्थामा पनि तयार हुन्छु।
- साँचो पश्चतापले मेरो जीवनमा असंख्या गल्तीहरुबाट मुक्त भएँ र चंगाई पाएकी छु। मण्डलीप्रतिको जिम्मेवारी बुझ्न सकेकी छु ।
- आइटीन अति व्यवहारीक शिक्षक रहेछ जस्ले चेलापनमा हुर्कन र नेतृत्व वृद्धिको लागि व्यवहारीक भएको महसुस गरेकी छु। परमेश्वलाई महिमा होस् ।

• **महिमा चौधरी**

## हार्दिक वधाई !

सन २०१४ जनवरीदेखि मेसम्म पाठ्यक्रम पूरा गरी निम्नानुसारका प्रमाणपत्र पाउन सफल हुनुभएका विद्यार्थीहरूलाई हार्दिक वधाई छ।

**An Introduction to Biblical Studies**

**BARA:** Bindu Neupane, Ashish Dangal, Shyam Dutraj.

**LALITPUR**: Binaya Shakya, Sujita Rana, Anamika Gharti, Bir Bahadur Gurung, Kalam Bdr. Gurung.

**SURKHET**: Mina kumari Sarki, Harikala B.K., Janaki B.k., Surjakali Sunar, Tulasi B.k., Asmita Sunar.

# पोखरामा शिक्षकहरूको बैठक



ख्रीष्टिय रामघाट मण्डली पोखरामा आइटीन शिक्षकहरूको संगति र बैठकपछि मण्डलीको प्राङ्गणमा खिचिएको सामूहिक तस्वीर। बैठकमा आइटीन पाठचक्रमलाई द्रूत गतीमा बढाउनको लागि स्थानय मण्डलीले आइटीन अध्ययन समूहको लागि हरेक हप्ताको अध्ययन र अन्तिम परीक्षाको लागि समय तालिका बनाएर सूचना बोर्डमा राख्ने वा मण्डलीमा सूचना गरी आइटीन कार्यलायमा पनि जानकारी गराउने कुराको निर्णय भएको थियो। यसै सन्दर्भमा केही मण्डलीले समय तालिका बनाइ सकेको छ।

आइटीन कक्षा लिंदै गर्दा व्यवहारमा उतार्न सकियो। अध्ययनबाट भित्रको परिवर्तनले बाहिरी व्यवहारमा पनि परिवर्तन ल्याएको छ। विशेष्गरी परमेश्वरको योजनालाई बुझेर मेरो कार्यलाई अगाडि बढाउन सकेको छु। प्रवचनमा दिन धेरै सजिलो भएको छ। पहिला विचार नगरी बोल्दथें भने अहिले विचार पुऱ्याएर बोल्न सिकें। वचन तयार गर्न समय निकालेर तयार हुन्छु र परमेश्वरको उपस्थितिलाई बुझ्दछु। मलाई घरेलु संगति चलाउने जिम्मा, आइटीन पढाउने र चर्चमा एउटा एल्डरको रूपमा सेवाकाइ गर्ने जिम्मा मण्डलीले दिएको छ। परिवारमा र समाजमा पनि उदाहरण ल्याउनमा पढाइले प्रेरणा दिएको छ।

• **निम बहादुर पुन**, प्रतापी चर्च, घोराही, दाङ।

## मण्डलीमा सकारात्मक प्रभाव पारेको छ

होशे ४:६ मा भनिएको छ कि "मेरो प्रजा ज्ञानको कमीले गर्दा नष्ट भएका छन् ।" परमेश्वरलाई गहिरो रुपमा चिनेर व्यक्तिगत रुपमा बलियो सम्बन्ध बनाउनको निम्ति परमेश्वरको वचनको ज्ञान हुनु अत्यन्तै महत्वपूर्ण छ । वचनको ज्ञानले विश्वास उत्पन्न गराउछ । प्राप्त भएको ज्ञानलाई व्यवहारीक जीवनमा प्रयोग गर्दा, जीवनशैली सहज बन्दछ । वचनको ज्ञान आर्जन गर्ने माध्यमहरुमध्ये आइटीन कक्षा एक महत्वपूर्ण र प्रभावकारी माध्यम हो । ३ वर्षको अन्तरालमा हामीहरुले थुप्रै आशिषहरु बाँड्चुड गर्ने मौका पायौं । म शिक्षक भएको कारणले मैले धेरै आशिषहरु पाएँ, किनकि सिकाउने क्रममा मैले अरु थप पूस्तकहरु अध्ययन गर्ने, खोज्ने, विचार गर्ने बानी बस्यो । विद्यार्थीहरुको जीवनमा पनि अध्ययन गर्ने बानी बसेको र नयाँ कुरा सिक्ने चासो र रुचि बढ्दै गइरहेको छ।

समूहमा अध्ययन गर्ने, छलफल गर्ने, सोध्ने सिकाउने, यी विभिन्न क्रियाकलापले सबैजनाको नेतृत्वपनमा पनि विकास भइरहेको छ। आइटीन कक्षामा सिकेको कुराले विद्यार्थीहरुलाई जवान संगतिमा, बाल संगतिमा, घरेलू संगतिमा, दिदीबहिनी संगतिमा साथै मण्डलीको सेवामा सिकाउन र सेवा पुऱ्याउन मद्दत पुगेको छ।

आइटीन कक्षालाई निरन्तरता दिइरहनको निम्ति कतिपय समयमा गाह्रो र कठीनाइहरु आइरहे तापनि संघर्ष गर्दै अगाडी बढ्नाले सफलता मिल्दो रहेछ। ख्रीष्टको जीवनी–४ मा १९ जनाले निरन्तरता दिइरहनुभएको छ । विभिन्न तालिम केन्द्रमा गएर तालिम लिन नभ्याउने, तर सिक्न सेवा गर्न चाहने व्यक्तिहरुको वीचमा आइटीनले ठूलो योगदान दिइरहेको छ । विद्यार्थीहरुमा आएको उत्साहले मण्डलीमा पनि सकारात्मक प्रभाव पारेको छ । अध्ययन सफल हुनको निम्ति सिक्ने र सिकाउने कार्य नम्रतामा, प्रेममा, वास्तामा, मेहनत र अनुशासनमा हुनुपर्ने कुरा मैले अनुभव गरेको छु। आइटीनको कोर्षबाट आशिष् पाएकोमा प्रभुलाई धन्यवाद।

- **श्याम मग्राती**, सियोन रोफेका एजी मण्डली, काभ्रे

## घरमै बसेर बाइबल कलेज

हुन त म सधैं बाइबल पढ्ने गर्छु र आफूले पाएको आशिष् पनि मण्डलीमा दिदीबहिनीहरुको बीचमा बाँढ्ने गर्छु। तर यतिले मात्र पुग्दो रहेनछ, मेरो लागि अझै परमेश्वरको बारेमा जान्नु र सिक्नु आवश्यक थियो । मेरो घरको जिम्मेवारीले गर्दा लामो समयसम्म बाहिर गएर अध्ययन गर्न सम्भव थिएन। भर्खरै सुरू भएको र हुर्कदै गरेको मण्डलीमा बाइबल तालिमको महसुस गरेर पाष्टर अगुवाहरूले आइटीन बाइबल अध्ययन मण्डलीमा सुरू गर्नुभयो। मैले पनि अध्ययन गर्दा परमेश्वरको बारेमा धेरै कुरा सिक्ने मौका पाएँ । बाइबलमा भएका रहस्यहरु थाहा पाउन सकें। छोटो समयमा धेरै कुराहरु सिक्न पाएँ परमेश्वरलाई धेरै धन्यवादहोस् ।

- **रिचल कुमारी घिमिरे**।

बाइबलको शब्दहरूलाई विभिन्न उदाहरणबाट स्पष्टसँग बुझ्न सकिन्छ। जसले गर्दा आफ्नो जीवनमा लागू गर्न सकिएको छ। जस्तैः दैनिक बाइबल पढ्ने बानी बसेको छ। चर्चका सेवा संगतिहरूमा सक्रिय भएर सेवा गर्न उत्साहित बनाएको छ। मण्डलीमा वचन प्रचार गर्दा सजिलो भएको छ र मण्डलीमा समर्पित भएर सेवा गर्न उत्साह मिलेको छ।

- **बल बहादुर दर्लामी**

आनन्द ए.जी चर्च कोहलपुर, बाँके

## ज्योतिमा आउन सहायता

आइटीन अध्ययनले मलाई आत्मिक जीवनमा बढ्न धेरै सहायता गरेको छ। हामीप्रति परमेश्वरको योजना, प्रेम, प्रतिज्ञा, आज्ञा आदिको बारेमा जान्न र सिक्न सहायता गरेको छ । भरपूर ज्योति पुस्तकबाट अध्ययन गरेपछि बाइबलको बारेमा जान्न, बाइबल कसरी प्रयोग गर्ने, बाइबलको सत्यता, बनोट र इतिहास जस्ता कुराहरु सिक्न पाएँ । सेकुलर कलेजमा पढ्ने र बाइबल तालिमका लागि पूरा समय दिन नसक्नेहरुलाई यसले प्रभुको बारेमा सिक्न र आफ्नो अध्ययनलाई पनि निरन्तरता राख्न मद्दत गरेको छ।

- दीपक सुनार, बाटुलेचौर चर्च, पोखरा।

## पेल्मा मण्डली रूकुममा अध्ययनरतहरू



पेल्मा मण्डली रूकुममा भरपूर जीवन अध्ययनरत समूहको सामूहिक तस्वीर। पास्टर जवाहर पुनले समूहमा सिकाउदै हुनुहुन्छ। हिउद समयमा बाक्लो हिउ परेकोले चर्चभित्र साह्रै चिसो भएपछि चर्च बाहिर हिउँमाथि काठ ओछ्याएर समूहले अध्ययन गरेको थियो।